# रोजगार मेला आयोजना सम्बन्धी मापदण्ड, २०८१

## १. परिचय

बागमती प्रदेशमा रोजगारीको अवसर सृजना गर्न, कामदार तथा रोजगारदाताबीच सीधा सम्पर्क बढाउन, र युवा, महिला तथा सीमान्तकृत समुदायलाई कौशल अनुकुल रोजगारीमा सुविधा प्रदान गर्न यो श्रम रोजगार तथा यातायात मन्त्रालयले यो मापदण्ड तयार गरेको छ।

## २. उद्देश्य

१. रोजगार सुविधाः

- स्थानीय तथा विदेशी रोजगार अवसरहरू एकै ठाउँमा उपलब्ध गराउनु।
- कामदार र रोजगारदाताबीच सीधा अन्तरक्रिया बढाउनु।
- रोजगारी बृद्धि गर्नु ।

२. कौशल विकासः

- कामदारहरूको क्षमता अनुसार रोजगारी मिलाउन कौशल मानचित्रण गर्नु।

३. समावेशी भागीदारीः

- महिला, युवा, दिव्यांग र ग्रामीण क्षेत्रका बेरोजगारहरूलाई प्राथमिकता।

४.सूचना प्रवाहः

- रोजगारी सम्बन्धी नीति, प्रशिक्षण, तथा सुरक्षा जानकारी पहुँचाउनु।

## ३. आयोजना प्रक्रिया मापदण्ड

क) आवेदन र छनोटः

महाशाखा प्रमुख

मा. प्रेमभक्त महर्जन
मन्त्री

मन्त्रालयले रोजगार मेला आयोजनाको लागि ५देखी ७ दिने सूचना वेवसाईटमा प्रकाशन गर्नुपर्नेछ। रोजगार मेला आयोजना गर्न ईच्छुक सरकारी तथा नीजि संस्थाले अनुसूचि-१ बमोजिमको आवेदन ढाँचामा मन्त्रालयमा प्रस्ताव पेश गर्नुपर्नेछ । सो आवेदनको अनुसूचि-२ बमोजिमको मूल्यांकन मापदण्डको आधारमा मेला संचालन मूल्यांकन समितिले मूल्यांकन गरेर अनुसूचि-३ बमोजिम सम्झौता गरी मेला आयोजना गर्न कार्यदिश गर्न सकिनेछ। तर, मेला आयोजनाको लागि कुनै सरकारी निकाय र स्थानीय तहबाट आवेदन पेश भएमा अनुसूचि- २ बमोजिम मूल्याङ्कन अनिवार्य नगराउन सकिनेछ।

१. मेला संचालन मूल्यांकन समितिः

रोजगार मेला आयोजना प्रयोजनार्थ संस्था छनौटको लागि मन्त्रालयमा तपशिल बमोजिमको पाँच सदस्यीय समिति रहने छ ।

तपसिल

१. महाशाखा प्रमुख – श्रम रोजगार तथा यातायात मन्त्रालय – संयोजक
२. अधिकृत प्रतिनिधि- प्रदेश नीति तथा योजना आयोग – सदस्य
३. अधिकृत प्रतिनिधि- श्रम रोजगार तथा यातायात शाखा – सदस्य
४. आर्थिक प्रशासन शाखा - श्रम रोजगार तथा यातायात मन्त्रालय – सदस्य
५. अधिकृत - श्रम रोजगार तथा यातायात मन्त्रालय – सदस्य-सचिव

२.सहभागी संस्थाः

- रोजगारदाताः सरकारी, निजी, गैरसरकारी संस्था एवं अन्तर्राष्ट्रिय रोजगार एजेन्सी।

- आवश्यक कागजातः कानून बमोजिम दर्ता भएको प्रमाण, PAN/VAT को प्रमाणपत्र र कर चुक्ता प्रमाण पत्र।

उपलब्धता

ख) आयोजना व्यवस्थाः

१.स्थान छनौट- भिड व्यवस्थापन गर्न सकिने सार्वजनिक, सरकारी वा निजी स्थान।

२. अपेक्षाकृत न्यूनतम सेवाहरुः

महाशाखा प्रमुख

मा. प्रेमभक्त महर्जन
मन्त्री

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय

- क्यारियर काउन्सेलिङ्ग बुथः रोजगार सल्लाहकारद्वारा मार्गदर्शन।

- सीप प्रदर्शन क्षेत्रः कामदारले कौशल प्रत्यक्ष देखाउने सुविधा।

- सूचना डेस्कः श्रम ऐन, सामाजिक सुरक्षा, विदेशी रोजगार जानकारी ।

## ४. वित्तीय सहयोग मापदण्ड

- सहभागी संस्थालाई अनुदानः

| स्तर | अनुदान रकम (रु.) |
| --- | --- |
| स्थानीय स्तर | ३ लाख |
| जिल्ला स्तर | ४ लाख |
| प्रदेश स्तर | ५ लाख |

- भूक्तानी प्रक्रियाः

  - मेला आयोजना पश्चात प्रतिवेदन पेश भएपछि बिल भर्पाई बमोजिम।

## ५. निगरानी र मूल्याङ्कन

१. प्रगति ट्र्याकिङ्गः

  - दैनिक उपस्थिति र रोजगार सम्झौताको रिपोर्टिङ।

२. सफलता मापनः

  - मूख्य प्रदर्शन सूचक (KPIs):

    - कुल रोजगारी सम्झौता (लक्ष्यः २०-४०% सहभागी)

    - महिला/सीमान्त समुदायबाट नियुक्ति (लक्ष्यः ४०%)

महाशाखा प्रमुख

प्रदेश सचिव

मा. प्रेमभक्त महर्जन
मन्त्री

३. प्रतिवेदनः

- आयोजना पछि १५ दिनभित्र "कार्यसम्पादन प्रतिवेदन" पेश गर्नुपर्ने ।

## ६. साझेदारी व्यवस्था

- स्थानीय सहयोगीः

  - नगरपालिका, व्यावसायिक संघ, श्रमिक संगठन,गैरसरकारी संस्था,आदि।

  - भूमिकाः स्थान व्यवस्था, प्रचार, भागीदार आमन्त्रण।

- निजी क्षेत्रः

  - प्रायोजकतामा सहभागी (उदाहरणः यातायात सेवा, भोजन व्यवस्था)

## ७. बाधा व्यवस्थापन

- आपतकालीन निर्णयः

  - प्राकृतिक विपद्, सुरक्षा जोखिम, वा न्यून भागीदारी अवस्थामा मेला स्थगित गर्न मन्त्रालयले अधिकार प्रयोग गर्ने।

  - वैकल्पिक मितिः १५ दिनभित्र घोषणा।

## ९. निष्कर्ष

यो मापदण्डले श्रम, रोजगार तथा यातायात मन्त्रालयले रोजगार मेलाको गुणस्तर, पारदर्शिता र समावेशिता सुनिश्चित गर्नेछ। यसका लागि प्रदेश नीति तथा योजना आयोगको समन्वय र स्थानीय तहको सहभागिता अपरिहार्य छ।

महाशाखा प्रमुख

प्रदेश सचिव

मा. प्रेमभक्त महर्जन
मन्त्री

अनुसूची - १: रोजगार मेला आवेदन ढाँचा

(बागमती प्रदेश, रोजगार मेला आयोजना कार्यक्रम, आर्थिक वर्ष २०८१/८२)

आवेदकको विवरण

| विवरण | विवरण भर्ने ठाउँ (स्पष्ट अक्षरमा) |
|---|---|
| १.१ आयोजक संस्था/व्यक्तिको नाम | ............................................ |
| १.२ पूरा ठेगाना | ............................................ |
| १.३ सम्पर्क व्यक्ति | ............................................ |
| १.४ फोन/मोबाइल | ............................................ |
| १.५ इमेल | ............................................ |
| १.६ दर्ता नम्बर | ............................................ |
| १.७ संस्थाको प्रकार | ☐ सरकारी ☐ निजी ☐ गैर-सरकारी ☐ सामुदायिक |

२. रोजगार मेलाको विवरण

| विवरण | विवरण भर्ने ठाउँ |
|---|---|
| २.१ मेलाको नाम | *जस्तै- "बागमती रोजगार महोत्सव २०८१"* |
| २.२ स्थान (जिल्ला/नगर) | ............................................ |
| २.३ मिति र अवधि | सुरुः ...... /...... /...... अन्त्यः ...... /...... /...... |
| २.४ उद्देश्य | (रोजगार सिर्जना, कौशल मिलान, युवा सशक्तिकरण आदि) |

महाशाखा प्रमुख

मा. प्रेमभक्त महर्जन
मन्त्री

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय

| विवरण | विवरण भर्ने ठाउँ |
|---|---|
| २.५ संक्षिप्त योजना | (२०० शब्दमा):<br>• अपेक्षित रोजगारदाताः ......<br>• लक्षित प्रतिभागीः ......<br>• विशेष गतिविधिहरूः ............................................. |

## ३. वित्तीय योजना

| खर्चको प्रकार | रकम (रुपैयाँ) | टिप्पणी |
|---|---|---|
| ३.१ कुल खर्च | .................... | |
| ३.२ स्वः वहन | .................... | (कम्तिमा ३०%) |
| ३.३ अनुदान माग | .................... | |
| ३.४ अन्य सहयोग | .................... | स्रोतः ...................... |

## ४. प्रभाव विश्लेषण

| पैमाना | लक्ष्य | टिप्पणी |
|---|---|---|
| ४.१ सहभागी संख्या | | • रोजगारदाताः ......<br>• जागिर खोज्नेः ...... |
| ४.२ रोजगार सिर्जना | ५०+ पद | • स्थायीः ......<br>• अंशकालिनः ...... |
| ४.३ समावेशी लक्ष्य | ३०%+ | ☐ महिला ☐ युवा ☐ दिव्यांग ☐ सीमान्त समुदाय |
| ४.४ कौशल विकास | | ☐ प्रशिक्षण ☐ परामर्श ☐ प्रमाणीकरण |

## ५. दिगोपन योजना

महाशाखा प्रमुख

प्रदेश सचिव

मा. प्रेमभक्त महर्जन
मन्त्री

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय

५.१ मेला पछिको अनुगमनः

- नियुक्ति ट्र्याकिंग प्रणालीः ..............................................
- नियोक्ता-प्रतिभागी सम्पर्क मञ्चः ..............................................

५.२ आयोजन निरन्तरताको रणनीतिः

..........................................................................
....................

## ६. संलग्न कागजातहरू

(सबै अनिवार्य)

- संस्था दर्ता प्रमाणपत्र (PAN/VAT सहित)
- अघिल्लो २ वर्षको रोजगार सम्बन्धी प्रमाण (EPF दर्ता, नियुक्ति अभिलेख)
- रोजगार मेलाको विस्तृत योजना (समयतालिका, सहभागी व्यवस्थापन)
- वित्तीय प्रतिवेदन (अडिट गरिएको)
- सम्झौता पत्र (यदि सह-आयोजक छन् भने)

## ७. घोषणापत्र

"म/हामी प्रमाणित गर्दछौं कि यस फारममा दिइएको सम्पूर्ण विवरण सत्य हो। कुनै पनि गलत जानकारी पाइएमा अनुदान रद्द हुने र कानुनि कारबाही गर्न सकिनेछ।"

**आवेदकको हस्ताक्षरः** ____________________

**नामः** ____________________

**मितिः** //___ **छापः** ____________

**नोटहरूः**

१. अपूर्ण आवेदन वा कागजात नभएका आवेदन **स्वतः अस्वीकृत** हुनेछ।
२. आवेदन ठेगानामा पठाउनुहोस्:
**श्रम,रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेश, हेटौंडा**

महाशाखा प्रमुख

मा. प्रेमभक्त महर्जन
मन्त्री

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

# अनुसूची - २: रोजगार मेला आयोजक छनोट मापदण्ड

(कुल १०० अंक)

## १. संस्थाको आयोजन क्षमता(३० अंक)

| मापदण्ड | अंक | मूल्याङ्कन विधि | प्रमाणपत्र | अंक प्रदान नियम |
|---|---|---|---|---|
| १.१ पूर्व अनुभव | १५ | • अघिल्ला मेलाहरुको सम्पन्न प्रतिवेदनहरु | • सम्झौता पत्र<br>• सम्पन्न प्रतिवेदन<br>• मिडिया कवरेज | • ३+ मेला: १५<br>• २ मेला: १०<br>• १ मेला: ५<br>• अनुभव नभएमा: ० |
| १.२ कर्मचारी क्षमता | १० | • घोषणा गरेको कर्मचारी विवरण | • कर्मचारी विवरण<br>• प्रशिक्षण प्रमाणपत्र<br>• आपत्कालीन योजना | • विशेषज्ञ टोली (५+): १०<br>• आंशिक टोली: ६<br>• अपर्याप्त: ० |
| १.३ सुविधा व्यवस्थापन | ५ | • आधारभूत शौचालय तथा खानेपानी व्यवस्था | • स्थानको विवरण | • पूर्ण सुविधा: ५<br>• आंशिक: ३<br>• न्यून: ० |

महाशाखा प्रमुख

प्रदेश सचिव

मा. प्रेमभक्त महर्जन
मन्त्री

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय

*२. मेला योजनाको प्रभावकारिता (४० अंक)*

| मापदण्ड | अंक | मूल्याङ्कन विधि | प्रमाणपत्र | अंक प्रदान नियम |
|---|---|---|---|---|
| २.१ रोजगार सिर्जना | २० | • रोजगार मेला आयोजकले गरेको स्वघोषणा | *(• भुक्तानीका लागि नियुक्ति वा सम्झौता पत्र अनिवार्य चाहिने)* | • ५०+ पद: २०<br>• ४०-४९ पद: १५<br>• ३०-३९ पद: १०<br>• २०-२९ पद: ५<br>२० भन्दा कम: ० |
| २.२ समावेशी रणनीति | १५ | • लक्षित समूह विश्लेषण | *(• भुक्तानीका लागि लक्षित समूह विश्लेषण भएको हुनुपर्ने।)* | • ४०%+ महिला/युवा: १५<br>• ३०-३९%: १०<br>• २५-२९%: ५<br>• २५% भन्दा कम: ० |
| २.३ कौशल विकास | ५ | • प्रशिक्षण मापदण्ड जाँच | • मान्यताप्राप्त तालिम कार्यक्रम | • प्रमाणित प्रशिक्षण: ५<br>• गैर-प्रमाणित: २<br>• नभएमा: ० |

*३. वित्तीय व्यवस्थापन (२० अंक)*

| मापदण्ड | अंक | मूल्याङ्कन विधि | प्रमाणपत्र | अंक प्रदान नियम |
|---|---|---|---|---|
| ३.१ स्व-लगानी | १० | • वित्तीय विवरण | • अडिट प्रतिवेदन | • ३०%+ स्व- |

महाशाखा प्रमुख

प्रवक्ता

मा. प्रेमभक्त महर्जन
मन्त्री

| मापदण्ड | अंक | मूल्याङ्कन विधि | प्रमाणपत्र | अंक प्रदान नियम |
|---|---|---|---|---|
| | | घोषणाँ | • बैंक विवरण | लगानी: १० <br>• २०-२९%: ७ <br>• १०-१९%: ३ <br>• १०% भन्दा कम: ० |
| ३.२ बजेट पारदर्शिता | १० | • खर्च वस्तुगत प्रस्तुती | • विस्तृत बजेट योजना | • पूर्ण पारदर्शी: १० <br>• आंशिक: ६ <br>• अपारदर्शी: ० |

*४. सामाजिक प्रभाव (१० अंक)*

| मापदण्ड | अंक | मूल्याङ्कन विधि | प्रमाणपत्र | अंक प्रदान नियम |
|---|---|---|---|---|
| ४.१ समुदाय लाभ | १० | • स्थानीथ तह, विद्यार्थी, शैक्षिक संस्थाहरु, रोजगारदाता, युवा, आदिको सहभागिता सम्बन्धी घोषणा | (• भूक्तानीका लागि स्थानीथ तह, विद्यार्थी, शैक्षिक संस्थाहरु, रोजगारदाता, युवा, आदिको सहभागिता सम्बन्धी प्रमाण पेश गर्नुपर्ने।) | १० |

**विशेष प्रावधान:**

1. **बोनस अंक (अधिकतम +५):**
   - ग्रामीण/पहाडी क्षेत्रमा आयोजना: +२

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय

- विशेष क्षमता भएकालाई प्राथमिकत सुविधाः **+३**

2. **अयोग्यताः**

- झूटो तथ्याङ्क पेश गरेमा **स्वचालित अस्वीकृति**
- ३ वर्षभित्र शोषणको इतिहास भए **अयोग्य**

3. **मूल्याङ्कन प्रक्रियाः**

- चरण १: दस्तावेज प्रमाणीकरण
- चरण २: स्थलगत मूल्याङ्कन
- चरण ३: विशेषज्ञ समितिद्वारा अन्तिम निर्णय

**नोटः** अंक प्रदान मन्त्रालयको समितिले गर्नेछ। सबै निर्णय मापदण्ड अनुसार पारदर्शी र प्रमाण-आधारित हुनेछ।

महाशाखा प्रमुख

शाखा प्रमुख

मा. प्रेमभक्त महर्जन
मन्त्री

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा नेपाल

# रोजगार मेला आयोजना सम्झौता पत्र

## (श्रम, रोजगार तथा यातायात मन्त्रालय)

### १. पक्षहरू:

- **क) मन्त्रालय:**
  बागमती प्रदेश सरकार, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, हेटौंडा
  (हस्ताक्षरकर्ता: ..........................................................................................,
  पद: .................................)
- **ख) आयोजक संस्था:**
  [संस्थाको पूरा नाम], दर्ता नं. [दर्ता नं.], ठेगाना [ठेगाना]
  (हस्ताक्षरकर्ता: ..........................................................................................,
  पद: .................................)

### २. सम्झौताको विषय:

"बागमती प्रदेशमा रोजगार मेला आयोजना गरी कम्तिमा **१०० जागिर खोज्ने** र **२०+ रोजगारदाता** लाई जोड्ने, जसद्वारा **५०+ रोजगारी** सिर्जना हुने।"

### ३. आयोजना विवरण:

| विषय | विवरण |
|---|---|
| मेलाको नाम | [उदाहरण: "युवा रोजगार महोत्सव २०८१"] |
| स्थान | [जिल्ला/नगर, भवनको नाम] |
| मिति | सुरु: २०८१/००/००, अन्त्य: २०८१/००/०० |
| अवधि | [दिन संख्या] दिन |

महाशाखा प्रमुख

मा. प्रेमभक्त महर्जन
मन्त्री

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय

| विषय | विवरण |
|---|---|
| अनुदान रकम | रु. [रकम] (कुल लागतको अधिकतम ७०%) |

*४. आयोजकका दायित्वहरू:*

- **रोजगारदाता संलग्नता:**
  कम्तिमा .... (सङ्ख्या उल्लेख गर्ने)वैधानिक रूपमा दर्ता भएका कम्पनीहरू समेट्ने।
- **समावेशी व्यवस्था:**
  सहभागीहरूमध्ये कम्तिमा **३०% महिला/युवा र ५% विशेष क्षमता भएका व्यक्तिलाई** समावेश गर्ने।
- **काउन्सेलिङ सहयोग:**

  -मान्यताप्राप्त संस्थाबाट निःशुल्क परामर्श सेवा उपलब्ध गराउने।

- **प्रतिवेदन प्रस्तुत:**
  मेला समाप्त भएको १५ दिनभित्र विस्तृत अन्तिम प्रतिवेदन बुझाउने।

*५. मन्त्रालयका दायित्वहरू:*

- **अनुदान वितरण:**
  चरण १: ३०% (सम्झौता मितिको ७ दिन पछि)
  चरण २: ७०% (मेला समापन भएको ७ दिन भित्र)

- **प्रचार:**
  प्रदेश स्तरीय मिडिया मार्फत मेलाको प्रचार गर्ने।

*६. गुणस्तर नियन्त्रण:*

- **मूल्याङ्कन तालिका:**

| कार्यक्रम | अपेक्षित नतिजा | मापन विधि |
|---|---|---|

महाशाखा प्रमुख

प्रदेश सचिव

मा. प्रेमभक्त महर्जन
मन्त्री

बागमती प्रदेश सरकार

| कार्यक्रम | अपेक्षित नतिजा | मापन विधि |
|---|---|---|
| रोजगारदाता उपस्थिति | २०+ कम्पनी | दर्ता रजिस्टर |
| नियुक्ति | ३०%+ मेलाभित्रै नियुक्ति | नियोक्ता-प्रतिभागी अनुगमन |
| सहभागी सन्तुष्टि | ८०%+ सकारात्मक प्रतिक्रिया | फिडब्याक फर्म |

*७. दायित्व र दण्ड:*

- आयोजकको उल्लंघन:
  - मेला निर्धारित मितिमा नगर्ने: **अनुदानको २०% जरिवाना**
  - लक्षित समूह नपुग्ने: **प्रति ५% कमीमा ५% अनुदान कटौती**
- ८. सम्झौता रद्द गर्ने अवस्था:

**कारणहरू:**

- आयोजकले झूटो तथ्याङ्क पेश गरेमा।
- मेला आयोजनमा गम्भीर अनियमितता पाइएमा।

- **प्रक्रिया:**

  १५ दिनको नोटिस अवधि र तुरुन्तै अनुदान फिर्ता।

*९. विवाद समाधान:*

- सर्वप्रथम: **पारस्परिक वार्ता**
- असहमति भएमा: **मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।**

*१०. स्वीकृति र हस्ताक्षर:*

"हामी, दुवै पक्षहरूले यस सम्झौताका सबै शर्तहरू बुझेर स्वीकार गर्दछौं।"

महाशाखा प्रमुख

मा. प्रेमभक्त महर्जन
मन्त्री

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

| मन्त्रालय | आयोजक संस्था |
| --- | --- |
| हस्ताक्षरः ____________ | हस्ताक्षरः ____________ |
| नामः [नाम] | नामः [नाम] |
| पदः [पद] | पदः [पद] |
| मितिः / /___ | मितिः / /___ |
| छापः | छापः |

**संलग्नकहरू:**

1. अनुसूची-१: आयोजनाको विस्तृत बजेट
2. अनुसूची-२: रोजगारदाता सम्झौता प्रपत्रहरू
3. अनुसूची-३: जोखिम व्यवस्थापन योजना

**नोटः** यो सम्झौता १ प्रतिलिपिमा तयार गरिएको छ (मन्त्रालय १ प्रति, आयोजक १ प्रति)।
**महत्वपूर्णः** आयोजकले मेलाको ५ दिनअघि **अन्तिम तयारी प्रतिवेदन** बुझाउनु पर्नेछ ।

शाखा प्रमुख

मा. प्रेमबहादुर
मन्त्री